
# नेपाल राष्ट्र बैंक
## राष्ट्र ऋण व्यवस्थापन विभाग

विषयः <u>आर्थिक वर्ष २०७०/७१ को राष्ट्र ऋण व्यवस्थापन विभागको प्रगति विवरण</u>

### राष्ट्र ऋणको निष्कासन तथा व्यवस्थापन

राष्ट्र ऋण ऐन, २०५९ ले नेपाल सरकारको तर्फबाट राष्ट्र ऋणको व्यवस्थापन गर्ने सम्पूर्ण जिम्मा दिए बमोजिम राष्ट्र बैंकले सो कार्य गर्दै आईरहेको छ । बजेटले निर्धारण गरेको वार्षिक सीमामा रही बैंकले आन्तरिक ऋण परिचालन गर्ने कार्य गर्दै आएको छ । यस क्रममा सालबसाली रुपमा नेपाल सरकारबाट जारी हुने वार्षिक बजेट अनुरुप नेपाल सरकार, अर्थ मन्त्रालयबाट राष्ट्र ऋण उठाउन बैंकलाई लेखी आए बमोजिम खुला बजार संचालन समितिले ऋणपत्र निष्कासन प्रक्रिया अगाडि बढाउँदछ । यस क्रममा खुला बजार संचालन समितिले निष्कासन तालिका तयार गरी यस बैंकका गभर्नरबाट निकाशा लिई अर्थ मन्त्रालयको स्वीकृति पश्चात् सार्वजनिक गर्ने गर्दछ । नयाँ ऋणपत्र निष्कासन गर्दा ट्रेजरी विल बाहेकका ऋणपत्रहरुमध्ये विकास ऋणपत्रको हकमा भुक्तानी अवधि तथा अन्य ऋणपत्रहरुको हकमा ब्याजदर एवं भुक्तानी अवधिको सम्बन्धमा बैंकले खुला बजार संचालन समितिको सिफारिसमा अर्थ मन्त्रालयको स्वीकृति लिई निष्कासन गर्ने कार्य गर्दै आएको छ (फ्लो चार्ट १) ।

फ्लो चार्ट १: आन्तरिक ऋण निष्कासन प्रकृया




### राष्ट्र ऋण निष्कासनका उपकरणहरु

नेपाल सरकारको लक्षित आन्तरिक ऋण यस बैंकले ट्रेजरी विल, विकास ऋणपत्र, राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र र बैदेशिक रोजगार बचतपत्र जस्ता विभिन्न उपकरणहरुको प्रयोग मार्फत उठाउँदै आएको छ ।

### ट्रेजरी विल

ट्रेजरी विल राष्ट्र ऋण निष्कासनको महत्वपूर्ण उपकरणको रुपमा रहँदै आएको छ । यसका साथै ट्रेजरी विल मुद्रा बजारको उपकरणको रुपमा रहेको छ । बोलकबोलको आधारमा निष्कासन हुने ट्रेजरी विल बोल मूल्य अनुरुपको बट्टाकट्टा दरमा वित्तीय तथा गैर वित्तीय संस्था र व्यक्ति लक्षित गरी बिक्री हुँदै आएको छ ।

आ.व.२०७०/७१ को लागि स्वीकृत निष्कासन तालिका अनुसार रु.१४ अर्बको ट्रेजरी विल निष्कासन गर्ने प्रक्षेपण रहे तापनि सरकारी खातामा उल्लेख्य नगद मौज्दात कायम रहेकाले समीक्षा वर्ष रु.१० अर्बको मात्र ट्रेजरी विल जारी भयो (तालिका १) ।

**तालिका १: आ.व.२०७०/०७१ को आन्तरिक ऋण निष्कासनको त्रयमासिक/वार्षिक तालिका**

(रु. कारोडमा)

| उपकरण | पहिलो त्रयमास | | दोस्रो त्रयमास | | तेस्रो त्रयमास | | चौथो त्रयमास | | वार्षिक | | अंश/प्रतिशत | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्वीकृत | निष्कासित | स्वीकृत | निष्कासित | स्वीकृत | निष्कासित | स्वीकृत | निष्कासित | स्वीकृत | निष्कासित | स्वीकृत | निष्कासित |
| ट्रेजरी विल | - | - | - | - | ४००.० | - | १,०००.० | १,०००.० | १,४००.० | १,०००.० | ३१.८ | ५०.० |
| विकास ऋणपत्र | ३००.० | - | ६००.० | ९००.० | ७००.० | - | १,०००.० | - | २,६००.० | ९००.० | ५९.१ | ४५.० |
| राष्ट्रिय बचतपत्र | - | - | १००.० | ९०.६ | १५०.० | - | ५०.० | - | ३००.० | ९०.६ | ६.८ | ४.५ |
| बैदेशिक रोजगार बचतपत्र | - | - | २५.० | २.६ | २५.० | ५.० | ५०.० | - | १००.० | ७.६ | २.३ | ०.४ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कुल | ३००.० | - | ७२५.० | ९९३.३ | १,२७५.० | ५.० | २,१००.० | १,०००.० | ४,४००.० | १,९९८.३ | १००.० | १००.० |
| अंक,प्रतिशत | - | - | १६.५ | ४९.७ | २९.० | ०.३ | ४७.७ | ५०.० | १००.० | १००.० | - | - |

समीक्षा वर्षमा निष्कासन गरिएको नयाँ ट्रेजरी विलको रकम रु.१० अर्ब मात्र रहे तापनि विगतमा निष्कासन भई भुक्तानी हुन बाँकी रु.१३६.४७ अर्बको विविध भुक्तानी अवधि भएका ट्रेजरी विलको नविकरण भुक्तानी अवधि अनुसार पटक पटक गरी निष्कासन हुने कार्य सम्पन्न भयो (तालिका २) । बजेटमा उल्लेख भए बमोजिमको पूरा आन्तरिक ऋण नउठाइएको र बजारमा अधिक तरलता रहेका कारण ट्रेजरी विलको बट्टादर आ.व.२०७०/७१ मा उल्लेख्य रुपमा न्यून रहन गयो । कुल निष्कासित ट्रेजरी विल मध्ये ३६४ दिने ट्रेजरी विलको सवैभन्दा उच्च ४९.८८ प्रतिशत (३४.१५ प्रतिशत + १५.७३ प्रतिशत), त्यसपछि ९१ दिनेको ३३.१४ प्रतिशत, १८२ दिनेको १४.४१ प्रतिशत र सबैभन्दा कम २८ दिनेको २.५६ प्रतिशत अंश रहेको छ (तालिका २) ।

**तालिका २: अवधि अनुसार भुक्तानी हुन बाँकी कुल ट्रेजरी विलको नविकरण निष्कासन**

(रु. कारोडमा)

| क्र.सं. | अवधि | वार्षिक भारित औसत ब्याजदर (%) | रकम | अंश |
|---|---|---|---|---|
| १. | २८ दिने | ०.०७३० | ३५०.० | २.५६ |
| २. | ९१ दिने | ०.१३३९ | ४५२२.८ | ३३.१४ |
| ३. | १८२ दिने | ०.५१३८ | १९६५.९ | १४.४१ |
| ४. | ३६४ दिने | ०.७६१२ | ४६६१.२ | ३४.१५ |
| ५. | राष्ट्र बैंकको स्वामित्वमा रहेको ३६४ दिने | २.७०३० | २१४६.९ | १५.७३ |
| | | कूल | १३६४६.८ | १००.०० |

**विकास ऋणपत्र**

विकास ऋणपत्र वित्तीय तथा गैर वित्तीय संस्था र व्यक्ति तर्फ लक्षित भए तापनि पूँजी बजारको मध्य तथा दीर्घकालीन उपकरणको रुपमा रहेको छ । आ.व.२०७०/७१ को स्वीकृत निष्कासन तालिका अनुसार रु.२६ अर्बको विकास ऋणपत्र निष्कासन गर्न लक्ष्य राखेको भए तापनि सरकारी खातामा उच्च नगद मौज्दात रहेको कारण नयाँ रु.९ अर्बको मात्र विकास ऋणपत्र जारी गरियो । आ.व.२०७०/७१ मा पहिलो पटक विकास ऋणपत्र जारी गर्ने विधिमा परिवर्तन गरी बोलकबोलबाट निर्धारित ब्याजदरको आधारमा निष्कासन गर्ने पद्दति सुरु गरियो (मञ्जुषा १) ।

**मञ्जुषा १ः ट्रेजरी विल, विकास ऋणपत्र र राष्ट्रिय/नागरिक/बैदेशिक रोजगार बचतपत्रको निष्कासन विधि**

**ट्रेजरी विलः** निश्चत अवधिको लागि निश्चित रकमको ट्रेजरी विल बहुमूल्य (अमेरीकन) वोलकवोल पद्दती अनुसार निष्कासन हुने व्यवस्था छ । यहि विधि अनुसार वोलवालाहरुले वोलकवोल गरे अनुरुप पुरारकम उठ्ने विन्दुको अन्तिम वोल मूल्य (cut-off bid price) सम्मको बहुवोलको भारित औसत वोल मूल्यमा ट्रेजरी विल विक्री गरिन्छ । cut-off bid price मा एकभन्दा बढी बोल रकम उल्लेख भई कुल बोलकबोल रकम भन्दा बढी रकम हुन आएमा cut-off bid price मा बोलकबोल गर्ने बोललाई बोल रकमको आधारमा pro-rata basis मा दामासाहिले ट्रेजरी विल विक्री गरिन्छ । pro-rata को सूत्र निम्नानुसार रहेको छ ।

$$\text{pro-rata को सूत्रः-} \quad \frac{\text{individual marginal bid amount}}{\text{total marginal bid amounts}} \times \text{residual of offered amount}$$

ट्रेजरी विलको बट्टादर बोल मूल्यको आधारमा गणना गर्ने व्यवस्था रहेको छ । ट्रेजरी विलको बट्टादर गणना गर्ने सूत्र निम्न बमोजिम रहेको छ ।

$$\text{बट्टादर} = \frac{\text{१०० - बोलमूल्य}}{\text{बोलमूल्य}} \times \frac{\text{३६४}}{\text{भुक्तानी अवधि}} \times \text{१००}$$

उदाहरणको लागि ९१ दिने ट्रेजरी विलको बट्टादर निम्न अनुसार गणना गर्न सकिन्छ ।

९१ दिने ट्रेजरी विलको बट्टादरः-

$$\text{बट्टादर} = \frac{\text{१०० - बोलमूल्य}}{\text{बोलमूल्य}} \times \frac{\text{३६४}}{\text{९१}} \times \text{१००}$$

**विकास ऋणपत्रः** निश्चित अवधिको लागि निश्चित रकमको विकास ऋणपत्र एकल ब्याजदर (डच वोलकवोल) पद्दती अनुसार निष्कासन गर्ने व्यवस्था आ.व.२०७०/७१ देखि शुरु गरिएको छ । सो विधि अनुसार वोलवालाहरुले वोलकवोल गरे अनुरुप पुरापुर रकम उठ्ने विन्दुको अन्तिम (cut-off) ब्याजदर अनुरुपको एकल ब्याजदर (uniform yield rate) ऋणपत्रको कुपन ब्याजदर कायम गरि विकास ऋणपत्र विकी गरिन्छ । जबकी विगतमा यस्ता विकास ऋणपत्रको कुपन ब्याज दर पूर्व निर्धारण गरी बहुवोल वोलमूल्यमा निष्कासन गरिने रकमको सीमासम्म विकी गरिन्थ्यो । cut-off ब्याजदर एकभन्दा बढी उल्लेख भई कुल बोलकबोल रकमभन्दा बढी रकम हुन आएमा cut-off ब्याजदर बोलकबोल गर्ने बोल रकम बीच pro-rata basis मा दामासाहिले विकास ऋणपत्र विक्री गरिन्छ ।

**राष्ट्रिय/नगरिक/बैदेशिक रोजगार बचतपत्रः** निश्चित अवधिको लागि निश्चित रकमको बचतपत्रहरु निष्कासन गर्दा पहिले खरिद गर्न आउनेलाई पहिले विकी गर्ने पद्दति अनुरुप कुल निष्कासन गरिने वचतपत्रको रकमको सीमा सम्म तोकिएको कुपन ब्याज दरमा यस्ता बचतपत्र विकी गरिन्छ । निष्कासन गरिने रकमभन्दा बढी खरिद गर्ने प्रस्ताव आएमा खरिद प्रस्ताव रकमको आधारमा तपसिल बमोजिम सूत्र अनुसार दामासाहीले बचतपत्र विक्री गरिन्छ ।

$$\text{pro-rata को सूत्रः-} \quad \frac{\text{individual's claims to purchase bonds}}{\text{total claims to purchase}} \times \text{residual of offered amount}$$

**प्रतिस्पर्धी तथा अप्रतिस्पर्धी बोलवालाको व्यवस्थाः** ट्रेजरी विल तथा विकास ऋणपत्रको बोलकबोलको आधारमा जारी गर्दा सरकारी ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार कारोबार नियमावली, २०६१ अनुरुप अनिवार्य रुपमा कुल निष्कासन हुने रकमको न्यूनतम १५ प्रतिशत अप्रतिस्पर्धी बोलवालालाई छुट्याउनु पर्ने व्यवस्था रहेकोमा ट्रेजरी विल तर्फ १५ प्रतिशतसम्म र विकास ऋणपत्रको हकमा ४० प्रतिशतसम्मको रकम अप्रतिस्पर्धी बोलवालालाई छुट्याउने गरिएको छ । बोलवालाहरुमध्ये मौद्रिक नीति कार्यान्वयनका लागि यस बैंकको काउण्टर पार्टिको रुपमा रहेका क, ख तथा ग वर्गका बैंक तथा वित्तीय संस्था बाहेकका संस्था तथा व्यक्तिहरु मात्र अप्रतिस्पर्धी बोलवालाका रुपमा सहभागी हुन पाउने व्यवस्था छ ।

आ.व.२०७०/७१ मा ५ वर्षे अवधिको रु.३ अर्ब र ७ वर्षे अवधिको रु.६ अर्ब गरी दुई पटक विकास ऋणपत्र निष्कासन गरिएको थियो । पाँच वर्षे अवधिको रु.३ अर्बको विकास ऋणपत्रको बोलकबोलबाट निर्धारित कुपन दर ३.२५ प्रतिशत रह्यो भने ७ वर्षे अवधिको रु.६ अर्बको विकास ऋणपत्रको बजार निर्धारित कुपन दर ३.४९ प्रतिशत कायम हुन आयो ।

आ.व.२०७०/७१ को अन्त्यसम्म भुक्तानी हुन बाँकी विकास ऋणपत्रको रकम रु.४७.११ अर्ब रह्यो । भुक्तानी हुन बाँकी विकास ऋणपत्रको भुक्तानी अवधि ३ वर्षदेखि १२ वर्षसम्म रहेको छ । त्यसैगरी ब्याजदर ३.२५ प्रतिशतदेखि ९.५० प्रतिशत रहेको छ (तालिका ३) ।

**तालिका ३ः भुक्तानी हुन बाँकी विकास ऋणपत्र**

(रु.करोडमा)

| क्र.सं. | निष्कासन मिति | भुक्तानी मिति | अवधि (वर्ष) | ब्याजदर | साँवा |
|---|---|---|---|---|---|
| १. | २०६२।११।९ | २०७२।११।९ | १० वर्ष | ६.०० | ७५.०० |
| २. | २०६३।८।१२ | २०७५।८।१२ | १२ वर्ष | ६.५० | १२०.०० |
| ३. | २०६३।११।२९ | २०७५।११।२९ | १२ वर्ष | ६.५० | २१०.०० |
| ४. | २०६४।३।२१ | २०७६।३।२१ | १२ वर्ष | ६.५० | २२०.०० |
| ५. | २०६४।७।२९ | २०७६।७।२९ | १२ वर्ष | ६.५० | ९०.०० |
| ६. | २०६४।९।३ | २०७६।९।३ | १२ वर्ष | ६.५० | १०४.०० |
| ७. | २०६४।९।२३ | २०७६।९।२३ | १२ वर्ष | ६.५० | ४६.०० |
| ८. | २०६४।१२।१९ | २०७२।१२।१९ | ८ वर्ष | ७.५० | १५०.०० |
| ९. | २०६५।०३।३० | २०७३।०३।३० | ८ वर्ष | ८.०० | २१७.०० |
| १०. | २०६५।०९।२० | २०७१।०९।२० | ६ वर्ष | ८.०० | २००.०० |

| | | | | | |
|---|---|---|---|---|---|
| ११. | २०६६।३।२८ | २०७३।३।२८ | ७ वर्ष | ९.०० | २७५.०० |
| १२. | २०६७।२।२७ | २०७२।२।२७ | ५ वर्ष | ९.०० | २५५.०० |
| १३. | २०६७।३।१७ | २०७२।३।१७ | ५ वर्ष | ९.०० | ४९९.०९ |
| १४. | २०६७।९।१६ | २०७२।९।१६ | ५ वर्ष | ९.५० | ३००.०० |
| १५. | २०६८।१२।२२ | २०७१।१२।२२ | ३ वर्ष | ८.५० | ६५०.०० |
| १६. | २०६९।२।२४ | २०७२।२।२४ | ३ वर्ष | ८.५० | ४००.०० |
| १७. | २०७०।८।६ | २०७५।८।६ | ५ वर्ष | ३.२५ | ३००.०० |
| १८. | २०७०।९।८ | २०७७।९।८ | ७ वर्ष | ३.४९ | ६००.०० |
| | | | | कुल | ४७११.०९ |

**राष्ट्रिय/नागरिक/बैदेशिक रोजगार बचतपत्र**

राष्ट्रिय बचतपत्र व्यक्ति तथा प्रचलित कानून बमोजिम दर्ता भएका गैर नाफामूलक सामाजिक संघ संस्था र कर्मचारीहरुको लागि स्थापित स्वीकृत अवकाश कोषहरु (सम्झौताकृत बचत संस्था र म्यूचुअल फण्ड बाहेक) का लागि खुला गरिएको मध्य तथा दीर्घकालीन उपकरणको रुपमा रहेको छ भने नागरिक बचतपत्र व्यक्तिलाई मात्र लक्षित उपकरण हो । बैदेशिक रोजगार बचतपत्र विदेशमा काम गर्ने नेपाली, गैर आवासिय नेपाली र विदेशबाट काम गरेर फर्केको ४ महिना नपुगेका नेपालीका लागि विक्री खुला गरिएको मध्य तथा दीर्घकालीन उपकरणको रुपमा रहेको छ । यस्ता ऋणपत्रका धनीले ऋणपत्र धितो राखी कर्जा सुविधा समेत प्राप्त गर्न सक्ने व्यवस्था रहेको छ ।

आ.व.२०७०/७१ को लागि स्वीकृत निष्कासन तालिका अनुसार रु.३ अर्ब बराबरको राष्ट्रिय बचतपत्र निष्कासन गर्ने लक्ष्य राखिएको भए तापनि सरकारी खातामा उल्लेख्य नगद मौज्दात रहेकोले रु.१ अर्बको मात्र विक्री खुला गरिएको थियो । विक्री खुला गरिएको रु.१ अर्ब मध्ये रु.९० करोड ६४ लाख ८० हजार विक्री भयो । व्यक्तिको लागि छुट्याइएको राष्ट्रिय बचतपत्र रु.८० करोड मध्ये रु.७० करोड ६४ लाख ८० हजार र संस्थाको लागि छुट्याइएको रु.२० करोड पूरै विक्री भएको थियो । उक्त ५ वर्षे अवधिको राष्ट्रिय बचतपत्रको ब्याजदर ८ प्रतिशत तोकिएको थियो । भुक्तानी हुन बाँकी राष्ट्रिय बचतपत्रको भुक्तानी अवधि ४ देखि ५ वर्ष रहेको छ भने कुपन (ब्याज) दर ८ देखि १० प्रतिशत रहेको छ (तालिका ४) ।

**तालिका ४: भुक्तानी हुन बाँकी राष्ट्रिय बचतपत्र**

(रु. कारोडमा

| क्र.सं. | निष्कासन मिति | भुक्तानी मिति | अवधि | ब्याजदर (%) | रकम |
|---|---|---|---|---|---|
| १. | २०६७/१०/६ | २०७२/१०/६ | ५ वर्ष | ९.७५ | ४००.०० |
| २. | २०६८/३/२६ | २०७३/३/२६ | ५ वर्ष | १०.०० | ६६८.०० |
| ३. | २०६८/१२/२९ | २०७२/१२/२९ | ४ वर्ष | ९.०० | १५०.०० |
| ४. | २०६९/३/२० | २०७३/३/२० | ४ वर्ष | ९.०० | ३५०.०० |
| ५. | २०७०/९/१८ | २०७५/९/१८ | ५ वर्ष | ८.०० | ९०.६५ |
| | | | | | १६५८.६५ |

आ.व.२०७०/७१ मा नागरिक बचतपत्रको निष्कासन भएन । आ.व.२०७०/७१ अन्त्यसम्म भुक्तानी हुन बाँकी नागरिक बचतपत्रको रकम रु.१ अर्ब ५१ करोड ६७ लाख रह्यो । भुक्तानी हुन बाँकी नागरिक बचतपत्रको भुक्तानी अवधि ५ वर्षदेखि १२ वर्ष रह्यो भने ब्याजदर ६.०० प्रतिशतदेखि ९.५० प्रतिशत रह्यो (तालिका ५) ।

**तालिका ५: भुक्तानी हुन बाँकी नागरिक बचतपत्र**

(रु. कारोडमा

| क्र.सं. | निष्कासन मिति | भुक्तानी मिति | अवधि | ब्याजदर (%) | रकम |
|---|---|---|---|---|---|
| १. | २०६२/११/२३ | २०७२/११/२३ | १० वर्ष | ६.०० | २५.०० |
| २. | २०६३/१०/३ | २०७५/१०/३ | १२ वर्ष | ६.०० | ३४.०१ |
| ३. | २०६४/७/२१ | २०७१/७/२१ | ७ वर्ष | ६.५० | ३०.०० |
| ४. | २०६४/९/९ | २०७१/९/९ | ७ वर्ष | ६.५० | ५०.०० |
| ५. | २०६९/१/२८ | २०७४/१/२८ | ५ वर्ष | ९.५० | १२.६६ |
| | | | | | १५१.६७ |

आ.व.२०७०/७१ को लागि स्वीकृत निष्कासन तालिका अनुसार रु.१ अर्बको बैदेशिक रोजगार बचतपत्र निष्कासन गर्ने लक्ष्य राखिएकोमा २५/२५ करोडको दुई पटक गरी रु.५० करोड विक्री खुला गरिएको मध्ये रु.७ करोड ६४ लाख १५ हजार मात्र विक्री भयो । आ.व.२०७०/७१ को अन्तिमसम्म भुक्तानी हुन बाँकी बैदेशिक रोजगार बचतपत्र रु.१३ करोड ५३ लाख १० हजार रह्यो । भुक्तानी हुन बाँकी बैदेशिक रोजगार बचतपत्रको भुक्तानी अवधि ५ वर्षको र ब्याजदर ९.०० प्रतिशतदेखि १०.०० प्रतिशत रहेको छ (तालिका ६) ।

**तालिका ६: भुक्तान हुन बाँकी बैदेशिक रोजगार बचतपत्र**

| क्र.सं. | निष्कासन मिति | विक्री खुला रकम | अवधि वर्ष | अंकित ब्याजदर प्रतिशत | विक्री रकम |
|---|---|---|---|---|---|
| १. | २०६७/०३/३२ | रु. १ अर्ब | ५ वर्ष | ९.७५ | रु.४००० हजार |
| २. | २०६८/०३/१२ | रु. ५ अर्ब | ५ वर्ष | १०.५० | रु.३३८० हजार |
| ३. | २०६९/०३/२८ | रु. १ अर्ब | ५ वर्ष | १०.०० | रु.८६६० हजार |
| ४. | २०७०/०३/३० | रु. १ अर्ब | ५ वर्ष | १०.५० | रु.४२८५५ हजार |
| ५. | २०७०/०९/२८ | रु.२५ करोड | ५ वर्ष | ९.०० | रु.२६४०५ हजार |
| ६. | २०७०/१२/३० | रु.२५ करोड | ५ वर्ष | ९.०० | रु.५००१० हजार |
| | | | | कुल | रु.१३५३१० हजार |

**खुद आन्तरिक ऋण निष्कासन**

आ.व.२०७०/७१ मा विविध उपकरण मार्फत रु.१९ अर्ब ९८ करोड २९ लाख बराबरको कुल आन्तरिक ऋण निष्कासन भयो भने भुक्तानी रु.२५ अर्ब १६ करोड ७१ लाख हुन गयो । निष्कासन भन्दा भुक्तानी बढी हुन गएकोले खुद आन्तरिक ऋण निष्कासन रु.५ अर्ब १८ करोड २० लाखले ऋणात्मक रह्यो । फलस्वरुप तिर्न बाँकी आन्तरिक ऋण आ.व.२०६९/७० को रु.२०७ अर्बबाट आ.व.२०७०/७१ मा रु.२०२ अर्बमा झर्‍यो (तालिका ७) ।**तालिका ७: खुद आन्तरिक ऋण निष्कासन**

(रु.दश लाखमा)

| विवरण | आर्थिक वर्ष २०६८/६९ | कुल ग्राहस्थ उत्पादनसँगको अनुपात | आर्थिक वर्ष २०६९/७० | कुल ग्राहस्थ उत्पादनसँगको अनुपात | आर्थिक वर्ष २०७०/७१ | कुल ग्राहस्थ उत्पादनसँगको अनुपात |
|---|---|---|---|---|---|---|
| **(क) कुल निष्कासन** | **३६४१८.७०** | **२.३८** | **१९०४२.९०** | **१.१३** | **१९९८२.९०** | **१.०४** |
| ट्रेजरी विल | १७२८३.४० | **१.१३** | १९०००.०० | **१.१२** | १००००.०० | **०.५२** |
| विकास ऋणपत्र | १४०००.०० | **०.९२** | ०.०० | **०.००** | ९०००.०० | **०.४७** |
| राष्ट्रिय बचतपत्र | ५०००.०० | **०.३३** | ०.०० | **०.००** | ९०६.५० | **०.०५** |
| नागरिक बचतपत्र | १२६.६० | **०.०१** | ०.०० | **०.००** | ०.०० | **०.००** |
| बैदेशिक रोजगार बचतपत्र | ८.७० | **०.००** | ४२.९० | **०.००** | ७६.४० | **०.००** |
| विशेष ऋणपत्र | ०.०० | **०.००** | ०.०० | **०.००** | ०.०० | **०.००** |
| **(ख) भुक्तानी** | **६६२६.८०** | **०.४३** | **२११६१.४०** | **१.२५** | **२५१६७.१०** | **१.३०** |
| ट्रेजरी विल | ६०००.०० | **०.३९** | १४१५६.०० | **०.८४** | १००००.०० | **०.५२** |
| विकास ऋणपत्र | ०.०० | **०.००** | ५९०८.५० | **०.३५** | १३५००.०० | **०.७०** |
| राष्ट्रिय बचतपत्र | ०.०० | **०.००** | ०.०० | **०.००** | ०.०० | **०.००** |
| नागरिक बचतपत्र | ६२६.४० | **०.०४** | ९३९.३० | **०.०६** | १६६७.१० | **०.०९** |
| बैदेशिक रोजगार बचतपत्र | ०.०० | **०.००** | ०.०० | **०.००** | ०.०० | **०.००** |
| विशेष ऋणपत्र | ०.४० | **०.००** | १५७.६० | **०.०१** | ०.०० | **०.००** |
| **(ग) खुद आन्तरिक ऋण** | **२९७९१.९०** | **१.९५** | **-२११८.५०** | **-०.१३** | **-५१८४.२०** | **-०.२७** |
| ट्रेजरी विल | ११२८३.४० | **०.७४** | ४८४४.०० | **०.२९** | ०.०० | **०.००** |
| विकास ऋणपत्र | १४०००.०० | **०.९२** | -५९०८.५० | **-०.३५** | -४५००.०० | **-०.२३** |
| राष्ट्रिय बचतपत्र | ५०००.०० | **०.३३** | ०.०० | **०.००** | ९०६.५० | **०.०५** |
| नागरिक बचतपत्र | -४९९.८० | **-०.०३** | -९३९.३० | **-०.०६** | -१६६७.१० | **-०.०९** |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | बैदेशिक रोजगार बचतपत्र | ८.७० | ०.०० | ४२.९० | ०.०० | ७६.४० | ०.०० |
| | विशेष ऋणपत्र | -०.४० | ०.०० | -१५७.६० | -०.०१ | ०.०० | ०.०० |
| **(घ) तिर्न बाँकी कूल आन्तरिक ऋण** | | **२०९१२०.२०** | **१३.६९** | **२०७००१.७१** | **१२.२३** | **२०१८१७.५३** | **१०.४६** |
| **कुल ग्राहस्थ उत्पादन** | | **१५२७३४४.००** | **०.००** | **१६९२६४३.००** | **०.००** | **१९२८५१७.००** | **०.००** |

ऋणपत्र निष्कासन प्रकृया अन्तर्गत ऋणपत्रहरुको फछ्र्यौट महत्वपूर्ण हुन्छ । ऋणपत्रहरुको फछ्र्यौट गर्ने सम्बन्धमा ट्रेजरी विलको हकमा बोलकबोलको भोलिपल्ट, विकास ऋणपत्रको हकमा बोलकबोलको पर्सिपल्ट र राष्ट्रिय/ नागरिक/बैदेशिक रोजगार बचतपत्र विक्री खुला बन्द गरेको पाँच दिन पछाडि गरिन्छ (मञ्जुसा २) ।

**मञ्जुषा २: ऋणपत्रहरुको सेटलमेण्ट अवधि**

सरकारी ऋणपत्रहरुको सेटलमेण्ट आधारको रुपमा Deferred Net Settlement (DNS) पद्दति बैंकले अवलम्बन गर्दै आएको छ । तत्कालै सेटलमेण्ट गर्ने पद्दति Real Time Gross Settlement (RTGS) अवलम्बन गर्न नयाँ सूचना प्रविधिको विकास गर्नु पर्ने भएकोले सो प्रकृयामा नै रहेको हुँदा सो बमोजिम सेटमलमेण्ट गर्ने विधिका लागि बैंकले कार्य अगाडि बढाउन प्रतिवद्ध रहेको छ । हाल ट्रेजरी विलको T+1, विकास ऋणपत्रको T+2 र राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र तथा बैदेशिक रोजगार बचतपत्रको T+5 को आधारमा सेटलमेण्ट हुने गर्दछ । ट्रेजरी विलका ग्राहकहरु प्रायजसो बैंक तथा वित्तीय संस्थाहरु हुने भएकोले यसको सेटलमेण्ट अवधि छोटो हुन्छ भने अन्य ऋणपत्रहरुका ग्राहकहरु सर्वसाधारण व्यक्तिहरु हुने र सोको संख्या समेत धेरै हुने साथै प्रत्येक खरिदकर्ताको व्यक्तिगत ऋणपत्र खाता खोल्नु पर्ने भएको हुँदा उक्त ऋणपत्रहरुको सेटलमेण्ट अवधि ट्रेजरी विलको तुलनामा बढी हुने गर्दछ ।

### भुक्तानी गर्न बाँकी नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व

नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व विगत तीन वर्ष यता घट्दै गएको छ (तालिका ८) । उदाहरणको लागि आ.व.२०६८/६९ मा नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व रु.२०९.१२ अर्ब रहेकोमा आ.व.२०६९/७० मा रु.२०७.०० अर्ब र आ.व.२०७०/७१ रु.२०१.८१ अर्बमा झर्‍यो । सरकारी ऋणका उपकरणहरु मध्ये ट्रेजरी विलको परिमाण अघिल्लो वर्षको हाराहारीमा रहेको छ भने विकास ऋणपत्र र नागरिक बचतपत्रको परिमाण घटेको छ । राष्ट्रिय बचतपत्र र बैदेशिक रोजगार बचतपत्रको परिमाण केहि बढेको छ ।

**तालिका ८: नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व**

(रु. लाखमा)

| सि. नं. | ऋणपत्रको किसिम | आ.व. २०६८/६९ | | आ.व. २०६९/७० | | आ.व. २०७०/७१ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | अंश | रकम | अंश | रकम | अंश | आ.व. ०६९/७० | आ.व. ०७०/७१ |
| १. | ट्रेजरी बिल | १३१६२४१.०७ | ६२.९४१८ | १३६४६८१.०७ | ६५.९२६१ | १३६४६८१.०७ | ६७.६२ | ३.६८ | |
| २. | विकास ऋणपत्र | ५७५१९४.०० | २७.५०५४ | ५१६१०९.०० | २४.९३२६ | ४७११०९.०० | २३.३४ | -१०.२७ | -८.७२ |
| ३. | राष्ट्रिय बचतपत्र | १५६८००.०० | ७.४९८१ | १५६८००.०० | ७.५७४८ | १६५८६४.८० | ८.२२ | | ५.७८ |
| ४. | नागरिक बचतपत्र | ४१२३०.५७ | १.९७१६ | ३१८३८.०७ | १.५३८१ | १५१६७.४६ | ०.७५ | -२२.७८ | -०.५२ |
| ५. | वैदेशिक रोजगार बचतपत्र | १६०.४० | ०.००७७ | ५८८.९५ | ०.०२८५ | १३५३.१० | ०.०७ | २६७.१८ | १२९.७५ |
| ६. | विशेष ऋणपत्र | १५७६.०० | ०.०७५४ | | | | | | |
| **जम्मा** | | २०९१२०२.०४ | १०० | २०७००१७.०९ | १०० | २०१८१७५.४३ | १०० | -१.०१ | -२.५० |

### भुक्तानी गर्न बाँकी कुल आन्तरिक ऋणको स्वामित्व संरचना

नेपाल सरकारका ऋणपत्रहरु प्रचलित कानून बमोजिम सर्वसाधारण नेपाली नागरिक, बैंक तथा वित्तीय संस्था एवं अन्य संघ संस्थाहरुले खरिद गर्न सक्ने व्यवस्था भए बमोजिम विगत वर्षहरुमा सोही व्यवस्था अनुसार निष्कासन भई व्यक्ति तथा विभिन्न निकायहरुको स्वामित्व संरचनामा केही परिवर्तन भएको ।

नेपाल सरकारद्वारा बार्षिक रुपमा प्रस्तुत गरिने बजेटमा उल्लेख भए अनुसार बैंकले ट्रेजरी बिल (अल्पकालीन), विकास ऋणपत्र तथा नागरिक बचतपत्र, राष्ट्रिय बचतपत्र, वैदेशिक रोजगार बचतपत्र (मध्यकालीन तथा दीर्घकालीन) र सरकारको तत्काल उत्पन्न दायित्व (contingent liability) बापत विशेष ऋणपत्रहरु निष्कासन गर्दै आएको छ । आ.व. २०७०/७१ सम्ममा निष्कासित ऋणपत्रहरुको संस्थागत स्वामित्व संरचनामा सर्वाधिक हिस्सा वाणिज्य बैंक समूहको ६७.५७ प्रतिशत रहेको छ भने दोस्रो उच्च स्वामित्व नेपाल राष्ट्र बैंकसँग ११.५६ प्रतिशत रहेको छ । यसवाहेक कर्मचारी संचयकोषसँग ३.५६ प्रतिशत, बीमा कम्पनीको स्वामित्वमा ३.७७ प्रतिशत रहेको छ । यसैगरी विकास बैकहरुसँग १.३६ प्रतिशत, वित्त कम्पनीहरुसँग १.५१ प्रतिशत, विभिन्न संगठित संस्था कर्मचारी अवकाश कोषहरुसँग ७.३९ प्रतिशत, र सर्वसाधारणसंग १.०१ प्रतिशत स्वामित्व रहेको देखिन्छ ।

उपकरणगत स्वामित्व संरचनातर्फ हेर्दा कुल ट्रेजरी बिल रु.१३६ अर्ब ४६ करोड ८१ लाख ७ हजारमध्ये सवैभन्दा बढी वाणिज्य बैंकहरुको स्वामित्वमा रु.११३ अर्ब ३६ करोड २ लाख ५० हजार (८३.०७ प्रतिशत) रहेको छ भने नेपाल राष्ट्र बैंकको स्वामित्वमा रु.२२ अर्ब ४ करोड ८९ लाख ३२ हजार (१६.१६ प्रतिशत) रहेको देखिन्छ। विकास ऋणपत्र तर्फको कुल दायित्व रु.४७ अर्ब ११ करोड ९ लाख मध्ये वाणिज्य बैंक समूहकै उच्च स्वामित्वको स्थिति रहेको देखिन्छ। वाणिज्य बैंकहरुसँग विकास ऋणपत्रको स्वामित्व रु.२३ अर्ब ६७ लाख ७५ हजार (४८.८४ प्रतिशत) रहेको छ। तत्पश्चात् नेपाल टेलिकम र कर्मचारी संचयकोषको स्वामित्व क्रमशः ३.३५ प्रतिशत र १५.२६ प्रतिशत रहेको देखिन्छ।

नागरिक बचतपत्रतर्फको दायित्व रु.१ अर्ब ५१ करोड ६७ लाख ४६ हजारमध्ये सर्वसाधारण नागरिकसँग रु.२४ करोड ५० लाख ३९ हजार (१६.१६ प्रतिशत) र नेपाल राष्ट्र बैंकसँग रु.१ अर्ब २६ करोड ५३ लाख ५८ हजार (८३.४३ प्रतिशत) रहेको छ। त्यसैगरी, वैदेशिक रोजगार बचतपत्र मार्फत बिक्री भएको रु.१३ करोड ५३ लाख १० हजार रकम मध्ये सर्वसाधारणको स्वामित्वमा रु.१३ करोड ५२ लाख ६० हजार, बजार निर्माता र नेपाल राष्ट्र बैंक दोस्रो बजारको स्वामित्वमा क्रमशः १० हजार र ४० हजार रहेको छ (तालिका ९)।

## तालिका ९: आन्तरिक ऋणको संस्थागत स्वामित्वको विवरण

(रु. लाखमा)

| | ट्रेजरी बिल | | विकास ऋणपत्र | | राष्ट्रि बचतपत्र | | नागरीक बचतपत्र | | वैदेशिक रोजगार बचतपत्र | | विशेष ऋणपत्र | | कूल | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| स्वामित्व | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत |
| नेपाल राष्ट्र बैंक | २२०४८९.३२ | १६.१६ | | | १८६.७० | ०.११ | १२६५३.५८ | ८३.४३ | ०.४० | ०.०३ | | | २३३३३०.०० | ११.५६ |
| वाणिज्य बैक | ११३३६०२.५० | ८३.०७ | २३००६७.७५ | ४८.८४ | | | | | | | | | १३६३६७०.२५ | ६७.५७ |
| बिकास बैंक | ७२१४.२५ | ०.५३ | २०२२९.२५ | ४.२९ | | | | | ०.१० | ०.०१ | | | २७४४३.५० | १.३६ |
| वित्त कंपनी | ३३७५.०० | ०.२५ | २७०२४.७५. | ५.७४ | | | | | | | | | ३०४६३.३४ | १.५१ |
| संचय कोष | | | ७१९०९.२५ | १५.२६ | | | | | | | | | ७१९०९.२५ | ३.५६ |
| ना.ल.कोष | | | ३७८४.०० | ०.८० | | | | | | | | | ३७८४.०० | ०.१९ |
| नेपाल टेलिकम | | | १५७९१.२५ | ३.३५ | | | | | | | | | १५७९१.२५ | ०.७८ |
| अवकास कोष | | | १६६९१.२५ | ३.५४ | | | | | | | | | १६६९१.२५ | ०.८३ |
| बिमा.कंपनी | | | ७६१२७.७५ | १६.१६ | | | | | | | | | ७६१२७.७५ | ३.७७ |
| गैरबैक बितिय संस्धा | | | | | १४९१६२.५५ | ८९.९३ | | | | | | | १४९१६२.५५ | ७.३९ |
| बजार निर्माता | | | | | | | ६३.४९ | ०.४२ | | | | | ६३.४९ | ०.४२ |
| सर्वसाधारण | | | ३१.०० | ०.०१ | १६५१५.५५ | ९.९६ | २४५०.३९ | १६.१६ | १३५२.६० | ९९.९६ | | | २०३४९.५४ | १.०१ |
| अन्य | | | ९४५२.७५ | २.०१ | | | | | | | | | ९४५२.७५ | ०.४७ |
| **जम्मा** | **१३६४६८१.०७** | **१००** | **४७११०९.००** | **१००** | **१६५८६४.८०** | **१००.००** | **१५१६७.४६** | **१००** | **१३५३.१०** | **१००** | | | **२०१८१७५.४३** | **१००** |

## नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको सरकारी ऋणपत्र

सरकारले प्रत्येक आ.व.मा बजेटमार्फत आन्तरिक ऋण उठाउने व्यवस्था अनुसार बैंकले नियमितरुपमा निष्कासन गर्दै आएको ट्रेजरी बिल्स विगतको अधिविकर्षको सेक्युरिट्राइजेशन तथा खुला बजार कारोबार अन्तर्गत सोझै खरिद बोलकबोल गर्दा राष्ट्र बैंकको स्वामित्वमा आउने हुन्छ । हाल राष्ट्र बैंकको स्वामित्वमा रहेको ट्रेजरी विल भने अधिविकर्षको सेक्यूरिट्राइजेशन गर्दाको हो । त्यस्तै विकास ऋणपत्र र नागरिक/राष्ट्रिय/बैदेशिक रोजगार बचतपत्र नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउने प्रकृया मञ्जुसा ३ मा उल्लेख गरे बमोजिम रहेको छ ।

**मञ्जषा ३: सरकारी ऋणपत्रहरु नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउने माध्यमहरु**

**१. ट्रेजरी बिल:** ट्रेजरी बिलको नविकरण निष्कासनमा पर्याप्त रकमको बोलपत्र पर्न नआएमा बाँकी रकम नेपाल राष्ट्र बैंक आफैले खरिद गर्ने गर्दछ । यसका साथै प्रत्येक आर्थिक बर्षमा नेपाल सरकारको अघिल्लो आ.व.को राजस्व आयको पाँच प्रतिशत भन्दा बढी नहुने गरी पटक पटक वा एकमुष्ट गरी नेपाल राष्ट्र बैंकले नेपाल सरकारलाई अधिविकर्षको रुपमा ऋण प्रदान गर्न सक्ने प्रावधान रहेको छ । अधिविकर्ष रकम लिएको मितिले एक सय असी दिन भित्र प्रचलित औसत बजार ब्याजदरमा नगद वा बजार योग्य ऋणपत्र मार्फत सरकारले बैंकलाई चुक्ता गरी सक्नु पर्छ र प्रचलित औसत बजार ब्याजदर भन्नाले अधिविकर्ष लिएको आर्थिक बर्षको ९१ दिने ट्रेजरी बिल निष्कासन गर्दाको ब्याजदरको औसतलाई मानिन्छ । सरकारले अधिविकर्षको रुपमा लिएको ऋण १८० दिन भित्र चुक्ता नगरेको अवस्थामा सोहि रकम बराबरको कुपन ब्याजदरमा आधारित ट्रेजरी बिल जारी गरी सो ट्रेजरी बिल बैंकको स्वामित्वमा आउने गरेको छ । यस्तो ट्रेजरी विल पहिलो पटक ९१ दिनका लागि निष्कासन गरिए तापनि भुक्तानी अवधि समाप्त भएपछि खुला बजार संचालन समितिको सिफारिसमा बैंकले पछिल्लो आर्थिक वर्षको ३६४ दिने ट्रेजरी विलको वार्षिक औसत ब्याजदरको आधारमा ३६४ दिनका लागि ट्रेजरी विल निष्कासन गर्न सकिने व्यवस्था छ ।

**२. विकास ऋणपत्र:** विकास ऋणपत्र नेपाल राष्ट्र बैंकले खरिद गर्ने प्रावधान नरहेकोमा बैंक तथा वित्तिय संस्थाले स्थायी तरलता सुबिधा लिए वापत धितोको रुपमा राखिएको विकास ऋणपत्र उक्त सुबिधा अन्तर्गत लिएको रकम तिर्न नसकेको अवस्थामा बैंकको स्वामित्वमा आउने गर्दछ ।

**३. राष्ट्रिय/नागरिक/बैदेशिक रोजगार बचतपत्र:** बजार निर्माताले आफ्नो संस्थाको चुक्ता पुँजीको ५ प्रतिशतसम्म रकम बराबरको सरकारी ऋणपत्रको मौज्दात बजार निर्माण कार्यको लागि आफ्नो स्वामित्वमा राख्न पाउँछन् र चुक्ता पुँजीको ५ प्रतिशत भन्दा बढी मौज्दात स्वामित्वमा रहेमा उक्त बढी भएको रकमको ऋणपत्र यस बैंकलाई ३ दिन भित्रमा बिक्री गर्नु पर्ने प्रावधान रहेकोले सो अन्तर्गत बैंकको स्वामित्वमा बचतपत्र आउने गर्दछ। यसका साथै बजार निर्माताले आफ्नो स्वामित्वमा रहेको बचतपत्र बैंकलाई खरिद गर्न अनुरोध गरेमा बैंकले बचतपत्र खरिद गर्ने हुँदा नागरिक/राष्ट्रिय/बैदेशिक रोजगार बचतपत्र नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउने व्यवस्था छ ।

नेपाल राष्ट्र बैंकले मौद्रिक नीति व्यवस्थापन समेत गर्ने भएकाले मौद्रिक नीति व्यवस्थापनका लागि दोस्रो बजारबाट आवश्यक ट्रेजरी विल तथा विकास ऋणपत्र सोझै खरिद गर्न सक्ने प्रावधान रहेको हुँदा सो अन्तर्गत पनि ऋणपत्रहरु नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउने सम्भावना रहन्छ ।

आ.व. २०७०/७१ मा नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्र मध्ये ट्रेजरी विलको अंश ९४.५ प्रतिशत, नागरिक बचतपत्रको अंश ५.४२ प्रतिशत र राष्ट्रिय बचतपत्रको अंश ०.०८ प्रतिशत रहेको छ (तालिका १०) ।

**तालिका १०: नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण**

(रु. लाखमा)

| सि.नं. | ऋणपत्रको किसिम | आ.व. २०६८/६९ | | आ.व. २०६९/७० | | आ.व. २०७०/७१ | | प्रतिशत परिवर्तन | |
|---|---|---|---|---|---|---|---|---|---|
| | | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | रकम | अंश प्रतिशत | आ.व. २०६९/७० | आ.व. २०७०/७१ |
| १. | ट्रेजरी बिल | २५०७२९.३२ | ८८.८४ | १२९६८९.३२ | ८२.५२ | २२०४८९.३२ | ९४.५० | -४८.२८ | ७०.०१ |
| २. | विकास ऋणपत्र | ३८२०.०० | १.३५ | ३१९१.७५ | २.०३ | | | -१६.४५ | |
| ३. | राष्ट्रिय बचतपत्र | १४९.६० | ०.०५ | १७३.६० | ०.११ | १८६.७० | ०.०८ | १६.०४ | ७.५४ |
| ४. | नागरिक बचतपत्र | २७५३३.१९ | ९.७६ | २४११२.४८ | १५.३४ | १२६५३.५८ | ५.४२ | -१२.४२ | -४७.५२ |
| ५. | बैदेशिक रोजगार बचतपत्र | | | | | ०.४० | | | |
| **जम्मा** | | **२८२२३२.११** | **१००** | **१५७१६७.२५** | **१००** | **२३३३३०.००** | **१००** | **-४४.३१** | **४८.४६** |

## ऋणपत्रको साँवा र ब्याज भुक्तानी स्थिति

नेपाल सरकारबाट विगत वर्षहरुमा निष्कासन भई भुक्तानी अवधि समाप्त भएका ऋणपत्रहरुको साँवा तथा ब्याज वापतको दायित्व नियमित रुपमा हरेक वर्ष भुक्तानी हुँदै आएको छ । सो अनुसार आ.व. २०७०/७१ मा भएको नेपाल सरकारको ऋणपत्रको साँवा तथा ब्याज भुक्तानीको तुलनात्मक विवरण तालिका ११ मा दिइएको छ ।

## तालिका ११: साँवा तथा व्याज भुक्तानी विवरण

(रु. लाखमा)

| सि.नं. | ऋणपत्रको किसिम | आ.व.२०६८/६९ | | | आ.व.२०६९/७० | | | आ.व.२०७०/७१ | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | साँवा | व्याज | जम्मा | साँवा | व्याज | जम्मा | साँवा | व्याज | जम्मा |
| १. | ट्रेजरी बिल | ६0000.00 | ७१४७१.७१ | १३१४७१.७१ | १४१५६0.00 | ३३९५३.७४ | १७५५१३.७४ | १00000.00 | २५९३५.७९ | १२५९३५.७९ |
| २. | विकास ऋणपत्र | 0.00 | ३६३३३.0३ | ३६३३३.0३ | ५९0८५.00 | ४६६५८.५५ | १0५७४३.५५ | १३५000.00 | ४२४६७.३१ | १७७४६७.३१ |
| ३. | राष्ट्रिय बचतपत्र | 0.00 | १0५८0.00 | १0५८0.00 | 0.00 | १५0८0.00 | १५0८0.00 | 0.00 | १५४४२.५९ | १५४४२.५९ |
| ४. | नागरिक बचतपत्र | ६२६४.0३ | ३६८२.0२ | ९९४६.0५ | ९३९२.५0 | ११४५७.४९ | २0८४९.९९ | १६६७0.६१ | २१४४.७0 | १८८१५.३१ |
| ५. | वैदेशिक रोजगार बचतपत्र | 0.00 | ७.४५ | ७.४५ | 0.00 | १६.११ | १६.११ | 0.00 | ७२.९९ | ७२.९९ |
| ६. | विशेष ऋणपत्र | ४.३३ | १११.४0 | ११५.७३ | १५७६.00 | ११0.३२ | १६८६.३२ | 0.00 | 0.00 | 0.00 |
| जम्मा | | ६६२६८.३६ | १२२१८५.६१ | १८८४५३.९७ | २११६१३.५0 | १0७२७६.२१ | ३१८८८९.७१ | २५१६७0.६१ | ८६0६३.३८ | ३३७७३३.९९ |
| प्रतिशत परिवर्तन | | | | | २१९.३३ | -१२.२0 | ६९.२१ | १८.९३ | -१९.७७ | ५.९१ |

आ.व.२०६९/७० मा भुक्तानी गरिएको साँवा तथा ब्याज रकमको परिमाणमा ६९.२१ प्रतिशतले वृद्धि भएको तुलनामा आ.व. २०७०/७१ मा भने ५.९१ प्रतिशतले मात्र वृद्धि भएको देखिएको छ । यसका साथै आ.व.२०६९/७० मा भुक्तानी गरिएको साँवा परिमाणमा २१९.३३ प्रतिशतले बृद्धि भएको तुलनामा आ.व.२०७०/७१ मा भने १८.९३ प्रतिशतले मात्र बृद्धि भएको देखिन्छ । ब्याज रकमको परिमाणमा आ.व.२०६९/७० मा १२.२० प्रतिशतले कमी भएको तुलनामा आ.व.२०७०/७१ मा भने १९.७७ प्रतिशतले कमी भएको देखिएको छ (तालिका ११) ।

### आन्तरिक ऋण व्यवस्थापनको शुल्क तथा कमिशन

नेपाल सरकारको तर्फबाट नेपाल राष्ट्र बैंकले विभिन्न ऋणपत्रहरुको निष्कासन गरी आन्तरिक ऋणको व्यवस्थापन गरे वापत नेपाल सरकार र बैंक बीच मिति २०६९/०४/३० मा भएको सम्झौता अनुसार व्यवस्थापन शुल्क तथा कमिसन रकम अर्द्धवार्षिक रुपमा (प्रत्येक वर्षको असोज र चैत्र महिनामा) माग गरिने कुल आन्तरिक ऋणको ०.०३ प्रतिशत रकम अर्धवार्षिक रुपमा एकमुष्ट प्राप्त गर्दै आइरहेको छ । नेपाल सरकारको आन्तरिक ऋणको दायित्वमा निरन्तर बृद्धिले यस बैंकलाई प्राप्त हुने कमिसन तथा शुल्कमा समेत बृद्धि हुँदै गएको देखिएको छ । आन्तरिक ऋण व्यवस्थापन वापत विगत तीन आ.व.मा नेपाल राष्ट्र बैकलाई प्राप्त भएको शुल्क तथा कमिसनको अवस्थालाई तुलनात्मक रुपमा तालिका १२ अनुसार प्रस्तुत गरिएको छ ।

## तालिका १२: आन्तरिक ऋण व्यवस्थापनको शुल्क तथा कमिशन

(रु. लाखमा)

| क्र.सं. | कमिसन/शुल्क | दर | आ.व. | | |
|---|---|---|---|---|---|
| | | | २०६८/६९ | २०६९/७० | २०७०/७१ |
| १. | नेपाल राष्ट्र बैंकको व्यवस्थापन शुल्क | कुल रकमको ०.०३ प्रतिशत | ९४१.६४ | १३७.०६ | ५५५.१२ |
| २. | प्राथमिक निष्कासनको बिक्री दलाली कमिसन | कुल रकमको ०.२५ प्रतिशत | ४.६५ | - | १६.७८ |
| ३. | नेपाल राष्ट्र बैंकद्वारा बैंक वित्तीय संस्था र बजार निर्मातालाई दिएको व्याज भुक्तानी वापतको कमिसन | कुल रकमको ०.२५ प्रतिशत | ३६.६९ | ४१.२० | २३.८८ |
| ४. | वैदेशिक रोजगार बचतपत्रको प्राथमिक निष्कासन विक्री दलाली कमिशन | कुल रकमको ०.६५ प्रतिशत | - | २.७८ | ४.९७ |
| **जम्मा** | | | **९८२.९८** | **१८१.०४** | **६००.७५** |
| **प्रतिशत परिवर्तन** | | | **-** | **-८१.५८** | **२३१.८३** |

नेपाल राष्ट्र बैंकलाई प्राप्त हुने व्यवस्थापन शुल्क नेपाल सरकारको कुल भुक्तानी गर्नुपर्ने आन्तरिक ऋण दायित्व रकमसँग आवद्ध भएकोले हरेक वर्ष आन्तरिक ऋण दायित्वमा आएको बृद्धिसँगै व्यवस्थापन शुल्क वापतको रकममा समेत बृद्धि हुँदै गएको छ । नेपाल सरकार र यो बैंक बीच मिति २०६९।४।३० मा भएको सम्झौता अनुसार कमिशनदर ०.०५ प्रतिशतबाट घट्न गई ०.०३ प्रतिशत कायम हुन गएको छ । यस आ.व.मा राष्ट्रिय बचतपत्र र बैदेशिक रोजगार बचतपत्रको मात्र निष्कासन भएको र उपरोक्त बचतपत्रहरु निष्कासन गरे बापतको बिकी दलाली कमिशन सम्झौताको क्र.सं. नं. ३ र ४ मा उल्लेख भए बमोजिम नेपाल सरकार अर्थ मन्त्रालयसंग माग गर्ने र प्राप्त भएपछि सम्बन्धित बैंक वित्तीय संस्थालाई प्रदान गर्ने गरिएको छ । आन्तरिक

व्यवस्थापन शुल्क र कमिशन वापत रकम आ.व. २०६९/७० मा रु.१८१.०४ लाख रहेकोमा आ.व.२०७०/७१ मा २३१.८३ प्रतिशतले बृद्धि भई रु.६००.७५ लाख रहेको छ (तालिका १२)।

**ट्रेजरी बिलको बट्टादर**

आ.व. २०७०।७१ मा निष्कासित ट्रेजरी बिलको न्यूनतम, अधिकतम र भारित औसत वट्टादर अघिल्लो वर्षको तुलनामा घटेको छ (तालिका १३)।

**तालिका १३: ट्रेजरी बिलको बट्टादर**

| सि.नं. | ट्रेजरी बिल | भारित बट्टादर | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | आ.व. २०६८/६९ | आ.व. २०६९/७० | | | आ.व. २०७०/७१ | | |
| | | वार्षिक औसत | न्यूनतम | अधिकतम | वार्षिक औसत | न्यूनतम | अधिकतम | वार्षिक औसत |
| १. | २८ दिने | ०.५१७२ | ०.००९१ | ५.४५०५ | १.४८९८ | ०.०३५१ | ०.१५१२ | ०.०७३० |
| २. | ९१ दिने | १.३०६७ | ०.१००० | ४.८७४२ | १.७२६१ | ०.०६७५ | ०.२३३० | ०.१३३९ |
| ३. | १८२ दिने | २.१५६९ | ०.४९२८ | ५.१११५ | २.११६० | ०.३३८३ | ०.६६०४ | ०.५१३८ |
| ४. | ३६४ दिने | २.९४१४ | ०.९०५० | ४.५११० | २.५४५७ | ०.५५६२ | ०.८४५२ | ०.७६१२ |

आ.व. २०७०।७१ मा २८ दिने ट्रेजरी बिलको भारित औसत बट्टादर न्यूनतम ०.०३५१ प्रतिशत तथा अधिकतम ०.१५१२ प्रतिशत कायम रह्यो । वार्षिक औसत बट्टादर भने ०.०७३० प्रतिशत रह्यो । यसैगरी ९१ दिने ट्रेजरी बिलको भारित औसत बट्टादरको हकमा न्यूनतम ०.०६७५ प्रतिशत, अधिकतम ०.२३३० प्रतिशत र वार्षिक औसत बट्टादर ०.१३३९ प्रतिशत कायम भयो । १८२ दिने ट्रेजरी बिलको भारित औसत बट्टादर न्यूनतम ०.३३८३ प्रतिशत, अधिकतम ०.६६०४ प्रतिशत र वार्षिक औसत बट्टादर ०.५१३८ प्रतिशत कायम भयो । त्यस्तै, ३६४ दिने ट्रेजरी बिलको भारित औसत बट्टादर न्यूनतम ०.५५६२ प्रतिशत, अधिकतम ०.८४५२ प्रतिशत र वार्षिक औसत बट्टादर ०.७६१२ प्रतिशत रहन गयो (तालिका १३)।

**राष्ट्र ऋण व्यवस्थापन सम्बन्धी पूर्वाधार**

बैंकले २०७० साल बैशाख १ गतेदेखि आफ्नो लेखा पद्दतिलाई GL Software System अन्तर्गत व्यवस्थापन गर्न थालेको छ । उक्त GL Software System अन्तर्गत बैंकले सरकारी ऋणपत्रहरुको दर्ता, नामसारी तथा भुक्तानी विद्युतिय माध्यमबाट व्यवस्था गर्दै आईरहेको छ ।

**दर्ता, नामसारी तथा भुक्तानी**

विद्युतिय लेखा पद्दति (GL Software System) लागु भए पश्चात् सरकारी ऋणपत्रहरुको दर्ता (रजिष्ट्रि), नामसारी र भुक्तानी विधिको आधुनिकीकरण भएको छ । सरकारी ऋणपत्रहरुको कारोबार र प्रारम्भिक तथ्याङ्क लेखाङ्कनको लागि किताबि रजिष्टरको अव आवश्यकता पर्दैन । सरकारी ऋणपत्र नयाँ निष्कासन गर्दा विद्युतिय लेखाङ्कन प्रणालीमा रजिष्टर गरी उपकरणको बेग्लाबेग्लै माष्टर फाईल (सेक्युरिटि दर्ता फाईल) तयार गरिन्छ । त्यसपछि खरिदकर्ताको खरिद कारोबार (ACT) खाता तथा ट्रान्जिट खाता खोली सेक्युरिटि दर्ता फाईलले पूर्णता पाउँछ ।

सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार भई नामसारी गर्नु परेमा विद्युतिय लेखाङ्कन प्रणालीमा पहिले विक्री कारोबार ( VCT) गरिन्छ र त्यसपछि विक्रेताको पोर्टफोलियोबाट सेक्युरिटि खर्च गरिन्छ र नगद खातामा रकम जम्मा गरी नामसारीको प्रकृयालाई पूर्णता दिईन्छ । त्यसैगरी सरकारी ऋणपत्रको आवधिक ब्याज तथा साँवा भुक्तानी गर्नु परेमा विद्युतिय लेखाङ्कन प्रणाली मार्फत गरिन्छ (मञ्जुसा ४)।

## मञ्जुषा ४: GL System मा सरकारी ऋणपत्रहरुको दर्ता, नामसारी तथा भुक्तानी प्रकृया

### सरकारी ऋणपत्रहरुको दर्ता (Registry) प्रक्रियाः

सिरिज कोड नम्बर, निष्कासित रकम, अवधि, निष्कासन तथा भुक्तानी मिति आदि विवरण उल्लेख गरी जारी गरिने उपकरणको बेग्लाबेग्लै Master File (सेक्यूरिटि दर्ता फाइल) तयार गरिन्छ ।

खरिदकर्ताको नेपाल राष्ट्र बैंकमा नगद खाता भएमा

खरिद कारोबार (ACT) गरिन्छ जसको फलस्वरुप सफल बोलवालाको बैंक खाता (नगद खाता) बाट उसको नाममा बाँडफाँड भएको रकम खर्च भई ट्रान्जिट खाता र सेक्यूरिटि खातामा जम्मा हुन जान्छ ।

खरिदकर्ताको नेपाल राष्ट्र बैंकमा नगद खाता नभएमा

प्रत्येक खरिदकर्ताहरुको व्यक्तिगत ऋणपत्र खाता खोलिन्छ । खरिदकर्ताको तर्फबाट बजार निर्माता तथा विक्री एजेण्टले बोण्ड एप्लिकेसन एकाउण्टमा मा जम्मा गरेको रकम सो खाता खर्च गरी प्रत्येक खरिदकर्ताको व्यक्तिगत ऋणपत्र खातामा रकम ट्रान्सफर गरिन्छ ।

खरिद कारोबार (ACT) गरिन्छ

### सरकारी ऋणपत्रहरुको नामसारी (Transfer) प्रक्रियाः

प्राथमिक बजारबाट निष्कासन भएका ऋणपत्रको दोस्रो बजार कारोबार भएको खण्डमा उक्त ऋणपत्रको नामसारी गर्न सम्बन्धित संस्थाबाट अनुरोध भएमा

पोर्टफोलियो ट्रान्सफर (TRC) गरिन्छ जसबाट विक्रेताको पोर्टफोलियोमा रहेको सम्बन्धित सेक्यूरिटि खर्च हुन जान्छ भने खरिदकर्ताको पोर्टफोलियोमा उक्त सेक्यूरिटि जम्मा हुन जान्छ ।

बजार निर्माताले दोस्रो बजारबाट खरीद गरी आफ्नो पोर्टफोलियोमा राखेको ऋणपत्र नेपाल राष्ट्र बैंकलाई खरीद गरिदिन अनुरोध गरेको खण्डमा (रकमको समेत कारोबार हुने भएको हुँदा)

पहिले विक्री कारोबार (VCT) गरिन्छ र त्यसपछि खरिद कारोबार (ACT) गरिन्छ जसबाट विक्रेताको पोर्टफोलियोमा रहेको सेक्यूरिटि खर्च र नगद खाता जम्मा हुन जान्छ भने नेपाल राष्ट्र बैंकको लगानी तथा ब्याज खाता खर्च हुन गई पोर्टफोलियोमा सेक्यूरिटि जम्मा हुन जान्छ ।

### सरकारी ऋणपत्रहरुको सांवा तथा व्याज भुक्तानी (Redemption) प्रक्रियाः

ट्रेजरी बिल

नेपाल सरकारबाट भुक्तानीको लागि प्राप्त साँवा तथा डिस्काउण्ट रकम ट्रान्जिट खातामा जम्मा गरिन्छ र सो खाता खर्च गरी ऋणपत्र धनीहरुको नगद खाता (यस बैंकमा रहेको) मा जम्मा गरिन्छ ।ऋणपत्र धनीको ने.रा.बै मा नगद खाता नभएमा व्यक्तिगत ऋणपत्र खातामा रकम ट्रान्सफर गरिन्छ ।

बिकास ऋणपत्र, राष्ट्रिय बचतपत्र, नागरिक बचतपत्र, तथा बैदेशिक रोजगार बचतपत्र

साँवा तथा ब्याज भुक्तानी हुने दिनमा नेपाल सरकारबाट प्राप्त साँवा तथा ब्याज रकम ऋणपत्रहरुको साँवा/ब्याज भुक्तानी खातामा जम्मा गरिन्छ । त्यसपछि उक्त खाता खर्च गरि System बाटै सम्बन्धित ऋणपत्र धनीहरुको यस बैंकमा रहेको ऋणपत्र खातामा साँवा/ब्याज रकम जम्मा गरिन्छ ।

अन्य बैंक तथा वित्तीय संस्थामा ऋणपत्र धनिहरु साँवा तथा ब्याज रकम भुक्तानी लिन गएमा सो बैंकले उक्त धनीलाई साँवा तथा ब्याज भुक्तानी दिई भुक्तानी गरेको रकम शोधभर्नाको लागि राष्ट्र ऋण व्यवस्थापन विभागमा माग गरी पठाउने र बैंकले सम्बन्धित ऋणपत्र धनीहरुको ऋणपत्र खातामा रहेको साँवा तथा ब्याज रकम खर्च गरी शोधभर्ना माग गरेका बैंक तथा वित्तीय संस्थाहरुको यस बैंक स्थित नगद खातामा जम्मा गरिदिने गर्दछ ।

## बजार निर्माता र विक्री एजेण्टको लागि इजाजतपत्र तथा निरीक्षण

आ.व. २०७०/७१ मा सर्वसाधारणका लागि जारी गरिने मध्यम तथा दीर्घकालीन प्रकृतिका बचतपत्रहरुको प्राथमिक निष्कासन तथा दोस्रो बजार कारोवारका लागि ५५ वटा बैंक, वित्तीय संस्था लगायत अन्य संगठित संस्थाहरुलाई इजाजत प्रदान गर्ने कार्य भएको छ। यसरी इजाजत लिने निकायहरुमा ३ वटाले नयाँ इजाजत लिएका छन भने ५२ वटाले यस पूर्व प्रदान भएको इजाजतपत्र नवीकरण गरेका छन। इजाजत प्राप्त बजार निर्माताहरु मध्ये ४५ वटा उपत्यकाभित्र तथा १० वटा उपत्यका बाहिर रहेका छन्। यसका साथै वैदेशिक रोजगार बचतपत्रको प्राथमिक निष्कासनमा विक्री वितरणको व्यवस्थापनको कार्यका लागि ७ वटा विदेशी मुद्राको कारोवार गर्न नेपाल राष्ट्र बैंकबाट इजाजत प्राप्त बैंक, वित्तिय संस्था तथा मनि ट्रान्सफर कम्पनी लाई विक्री एजेण्टको इजाजत पत्र प्रदान गरिएको छ। आ.व. २०६९/७० मा ६ वटा विक्री एजेण्ट रहेकोमा यस आ.व.मा ७ वटा विक्री एजेण्ट नियुक्त भएका छन्। यसैगरी इजाजतप्राप्त बजार निर्माताहरुको कारोवार निरीक्षण गर्ने आ.व.२०७०/७१ को बार्षिक कार्ययोजना अनुसार उपत्यकाभित्रका १२ वटा, उपत्यका बाहिरका १२ वटा बजार निर्माताहरुको निरीक्षण गर्ने कार्य सम्पन्न भएको छ। बजार निर्माता र विक्री एजेण्ट बीच मूलभूत भिन्नता मञ्जुसा ५ बमोजिम रहेको छ।

**मञ्जुषा ५: बजार निर्माता र विक्री एजेण्ट बीच भिन्नता**

| ***बजार निर्माता*** | ***बिक्री एजेण्ट*** |
|---|---|
| नागरिक बचतपत्र र राष्ट्रिय बचतपत्रको प्राथमिक निष्कासनको समयमा सोको विक्री वितरणको सम्पुर्ण कार्यका साथै उपरोक्त बचतपत्र को अलावा बैदेशिक रोजगार बचतपत्रको समेत दोस्रो बजार कारोबार गर्नका लागि यस बैंकबाट ईजाजत प्रदान गरिएका क, ख र ग बर्गका बैंक तथा वित्तीय संस्थाहरुलाई बजार निर्माता भनिन्छ। | प्राथमिक निष्कासनको समयमा बैदेशिक रोजगार बचतपत्रको विक्री वितरणको सम्पूर्ण कार्य गर्न नेपाल राष्ट्र बैंकबाट विदेशी मुद्राको कारोबार गर्ने ईजाजत प्राप्त र विप्रेषण आप्रवाह सम्बन्धि कार्यमा संलग्न भएका यस बैंकबाट ईजाजत प्रदान गरिएका बैंक, वित्तीय संस्था र मनि ट्रान्सफर कम्पनीलाई विक्री एजेण्ट भनिन्छ। |

आ.व. २०७०/७१ मा सरकारी ऋणपत्रको बजार निर्माताको कार्य गर्न इजाजत प्रदान गरिएका बैंक तथा वित्तीय संस्थाहरुको नामावली अनुसूची-१ र वैदेशिक रोजगार बचतपत्रको प्राथमिक निष्कासनमा विक्री वितरणको व्यवस्थापनको कार्य गर्न इजाजत प्रदान गरिएका बैंक, वित्तिय संस्था तथा मनि ट्रान्सफर कम्पनीहरुको नामावली अनुसूची-२ मा संलग्न गरिएको छ।

## सरकारी ऋणपत्र सम्बन्धि चेतनामुलक कार्यकम

सरकारी ऋणपत्र सम्बन्धि चेतना बढाउन तथा ऋणपत्रको पहुंच ग्रामीण क्षेत्रसम्म पुऱ्याउन लिफ्लेट तयार गरी उपत्यका बाहिरका सम्पूर्ण कार्यालय मार्फत प्रचार प्रसार गर्ने र लिफ्लेट वेवसाइट मा राख्ने कार्य सम्पन्न गरिएको छ। आ.व.२०७०/७१ को वार्षिक कार्ययोजना वमोजिम काठमाडौ उपत्यका बाहिर सिद्धार्थनगर र वीरगंजमा १/१ वटा गोष्ठी संचालन गरियो।

## सरकारी ऋणपत्र कारोवारका लागि अनलाईन बोलकबोल

राष्ट्र ऋण उठाउने प्रयोजनार्थ प्रयोग हुने उपकरणहरु ट्रेजरी बिल, विकास ऋणपत्र एवं तरलता व्यवस्थापनका उपकरणहरु रिपो, रिभर्स रिपो, सोझै विक्री एवं खरिद प्रक्रियालाइ विद्युतिय माध्यमबाट बोलकबोल गर्ने गरी online bidding system software (OBSS) को निर्माण कार्य अन्तिम चरणमा पुगेको छ।

## तरलता व्यवस्थापन

बैंकले विगतमा तरलता व्यवस्थापनका लागि नेपाल राष्ट्र बैंक राष्ट्र ऐन, २०५८ को अधिनमा रहि खुला बजार कारोवार गर्दै आएकोमा आ.व.२०७०/७१ मा मौद्रिक व्यवस्थापनलाई प्रभावकारी तथा समयसापेक्ष बनाउने उद्देश्यले खुला बजार कारोवार विनियमावली, २०७१ तर्जुमा भई कार्यान्वयनमा आएको छ। उक्त विनियमावलीमा खुला बजार कारोबारका उद्देश्य, किसिम तथा उपकरणहरुको स्पष्ट रुपमा व्यवस्था गरिएको छ (मञ्जुषा ६)।

**मञ्जुषा ६: खुला बजार कारोबार विनियमावली, २०७१ का विशेषताहरु**

२०७१/०१/२५ गते को संचालक समितिको बैठकबाट स्वीकृत भई कार्यान्वयनमा ल्याइएको **खुला बजार कारोबार विनियमावली, २०७१** ले खुला बजार कारोबार सम्बन्धि निम्नानुसार व्यवस्था गरेको छ:

- खुला बजार कारोबार संचालन समितिको गठन तथा संचालन सम्बन्धि व्यवस्था
- खुला बजार कारोबार संचालनका उद्देश्य तथा लक्ष्य जो निम्नानुसार रहेका छन्:
  - वित्तीय बजारमा तरलता व्यवस्थापन गर्ने, बजार व्याजदरलाई व्यवस्थित गर्ने तथा मौद्रिक नीतिको कार्यदिशाको संकेत दिने ।
  - खुला बजार कारोबार संचालनको लक्ष्य मौद्रिक नीतिबाट निर्धारण भए बमोजिम हुने
- खुला बजार कारोबारका किसिम
  - नियमित खुला बजार कारोबार
  - आकस्मिक खुला बजार कारोबार
  - संरचनात्मक खुला बजार कारोबार
- खुला बजार कारोबारका उपकरणका रुपमा रिपो/रिभर्स रिपो बोलकबोल, सोझै खरिद/विक्री बोलकबोल, निक्षेप संकलन तथा नेपाल राष्ट्र बैंक ऋणपत्र रहेका छन् ।

खुलाबजार कारोबार विनियमावली, २०७१ ले तरलताको प्रकृति अनुसार तरलता व्यवस्थापन गर्न रिपो/रिभर्स रिपो, निक्षेप संकलन, सोझै विक्री/खरिद, बोलकबोल र नेपाल राष्ट्र बैंक ऋणपत्र जस्ता विविध किसिमका खुला बजार कारोबार उपकरणहरु तोकेको छ (मञ्जुसा ७) ।

**मञ्जुसा ७: खुला बजार कारोबारका उपकरणहरु**

| *किसिम* | *नियमित खुला बजार कारोबार* | *आकस्मिक खुला बजार कारोबार* | *संरचनात्मक खुला बजार कारोबार* |
|---|---|---|---|
| **तरलताको प्रकृति** | साधारण | आकस्मिक | मध्य तथा दीर्घकालीन |
| **अवधि** | सात दिन | तीन महिना | छ महिना ( रिपो/रिभर्स रिपो उपकरण प्रयोग भएमा) |
| **उपकरण** | रिपो/रिभर्स रिपो | रिपो/रिभर्स रिपो र निक्षेप उपकरण | रिपो/रिभर्स रिपो बोलकबोल, सोझै खरिद/विक्री बोलकबोल, नेपाल राष्ट्र बैंक ऋणपत्र |
| खुला बजार कारोबारको सीमा काउण्टरपार्टीहरुको कुल स्वदेशी निक्षेप दायित्वको बढीमा दुई प्रतिशत हुने विनियमावलीमा उल्लेख छ । | | | |

**खुला बजार कारोवारको उपकरणको प्रयोग**

आ.व.२०६१/६२ देखि तरलता अनुगमन तथा प्रक्षेपण संरचना ले इंगित गर्ने तरलताको स्थिति एवं मौद्रिक नीतिका उद्देश्यहरुको स्थितिका आधारमा खुला बजार कारोवार सञ्चालन गर्न सुरु गरिए अनुसार रिपो, रिभर्स रिपो, सोझै खरिद र सोझै विक्री बोलकबोल जस्ता खुला बजार कारोबार उपकरणहरु मार्फत तरलता व्यवस्थापन गर्ने गरिएकोमा आ.व.२०७०/७१ मा रिभर्स रिपो र सोझै विक्री बोलकबोल मार्फत तरलता प्रशोचन गरियो। तरलता प्रशोचन गर्ने उद्देश्यले १ पल्ट सोझै बिक्री बोलकबोल (outright sale) र ३४ पल्ट रिभर्स रिपो बोलकबोल कारोवार गरी जम्मा रु. ६ खर्ब ११ अर्ब बराबरको तरलता प्रशोचन गरिएको छ। उक्त कारोवार गर्दा बैंकलाई रु. २ करोड ९ लाख ५४ हजार ९७१ बराबरको व्याज व्ययभार रहेको छ। यसमध्ये चौतिसौं पटक गरिएको रिभर्स रिपोको रु. २ करोड ५ लाख ८७ हजार २१ र एक पटक गरिएको सोझै बिक्री बोलकबोलको रु. ३ लाख ६७ हजार ९५० व्याज व्ययभार रहेको छ (तालिका १४) ।

**तालिका १४: तरलता व्यवस्थापनका लागि प्रयोग गरिएका खुला बजार उपकरणको कारोवार विवरण**

रु. लाखमा

| सि.नं. | खुला बजार उपकरण | कारोबार रकम | व्याज व्ययभार |
|---|---|---|---|
| १. | रिभर्स रिपो बोलकबोल | ६०२५,०००.०० | २०५.८७०२ |
| २. | सोझै बिक्री बोलकबोल | ८५,०००.०० | ३.६७९५ |
| | जम्मा | ६,११,०००.०० | २०९.५४९७ |

**स्थायी तरलता सुविधा**

वाणिज्य बैंकहरुलाई अल्पकालीन तरलता आवश्यकता परेमा बढीमा ५ कार्य दिनसम्मका लागि स्थायी तरलता सुविधा प्रदान गर्ने गरिएको छ । यस्तो सुविधा आ.व.२०६०/६१ देखि प्रदान गर्न थालिएको हो । सुरुमा यस्तो सुविधा वाणिज्य बैंकहरुलाई मात्र प्रदान गर्ने गरिएकोमा आ.व.२०६५/६६ देखि “ख” र “ग” वर्गका वित्तीय संस्थाहरुलाई समेत यो सुविधा उपयोग गर्ने व्यवस्था भएको छ । यो सुविधा उपयोग गर्न सम्बन्धित संस्थाहरुले आफ्नो स्वामित्वमा रहेको ट्रेजरी बिल र विकास ऋणपत्र यस बैंकमा धितोको रुपमा राखी धितोको ९० प्रतिशतसम्म स्थायी तरलता सुविधा उपयोग गर्न पाउने र सोको व्याज ८ प्रतिशत कायम गरिएको छ । आ.व.२०७०/७१ मा स्थायी तरलता सुविधा वापत कर्जा प्रवाह भएको छैन ।

## *अनुसूची - १*

### आ.व. २०७०/७१ मा सरकारी ऋणपत्रको बजार निर्माताको कार्य गर्ने इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरु

| क.स. | बजार निर्माताको नाम | ठेगाना | क.स. | बजार निर्माताको नाम | ठेगाना |
|---|---|---|---|---|---|
| १. | माछापुच्छ्रे बैंक लिमिटेड | लाजिम्पाट, काठमाडौं | २९. | जेबिल्स फाइनान्स लिमिटेड | न्युरोड, काठमाडौं |
| २. | लुम्बिनी बैंक लिमिटेड | नारायणचौर, काठमाडौं | ३०. | युनियन फाइनान्स लिमिटेड | नक्साल, काठमाडौं |
| ३. | ग्राण्ड बैंक लिमिटेड | कमलादी, काठमाडौं | ३१. | नेपाल एक्सप्रेस फाइनान्स लिमिटेड | सुन्धारा, काठमाडौं |
| ४. | सानिमा बैंक लिमिटेड | नक्साल, काठमाडौं | ३२. | शुभलक्ष्मी फाइनान्स लिमिटेड | नक्साल, काठमाडौं |
| ५. | एनआइसी एशिया बैंक लिमिटेड | कमलादी, काठमाडौं | ३३. | नेपाल फाइनान्स लिमिटेड(नेफिन्स्को) | कमलादी, काठमाडौं |
| ६ | नविल बैंक लिमिटेड | कमलादी, काठमाडौं | ३४. | नवदुर्गा फाइनान्स कम्पनी लिमिटेड | इताछें, भक्तपुर |
| ७. | एनएमबि बैंक लिमिटेड | बबरमहल, काठमाडौं | ३५. | रोयल मर्चेण्ट बैंकिङ्ग एण्ड फाइनान्स लिमिटेड | दरवारमार्ग, काठमाडौं |
| ८ | लक्ष्मी बैंक लिमिटेड | हात्तीसार, काठमाडौं | ३६. | ईन्टरनेशनल लिजिङ्ग एण्ड फा. कं. लिमिटेड | नयाँ वानेश्वर, काठमाडौं |
| ९. | नेपाल बंगलादेश बैंक लिमिटेड | बिजुली बजार, काठमाडौं | ३७. | गुहेश्वरी मर्चेण्ट बैंकिङ्ग एण्ड फाईनान्स लिमिटेड | पुल्चोक, ललितपुर |
| १०. | सेञ्चुरी कमर्सियल बैंक लिमिटेड | पुतलीसडक, काठमाडौं | ३८. | सगरमाथा मर्चेण्ट बैंकिङ्ग एण्ड फा.लिमिटेड | मानभवन, ललितपुर |
| ११. | सिभिल बैंक लिमिटेड | कमलादी, काठमाडौं | ३९. | सिभिल मर्चेण्ट वित्तीय संस्था लिमिटेड | कुलेश्वर, काठमाडौं |
| १२. | सिद्धार्थ बैंक लिमिटेड | हात्तीसार, काठमाडौं | ४०. | मन्जुश्री फाइनान्सियल इन्स्टिच्युसन लिमिटेड | नयाँवानेश्वर, काठमाडौं |
| १३. | जनता बैंक नेपाल लिमिटेड | नयाँवानेश्वर, काठमाडौं | ४१. | श्री इन्भेष्टमेण्ट एण्ड फाईनान्स कं. लिमिटेड | डिल्लीबजार, काठमाडौं |
| १४. | मेगा बैंक नेपाल लिमिटेड | कान्तिपथ, काठमाडौं | ४२. | युनिक फाइनान्स लिमिटेड | पुतलीसडक, काठमाडौं |
| १५. | सन्राइज बैंक लिमिटेड | गैह्रीधारा, काठमाडौं | ४३. | लुम्बिनी फाईनान्स एण्ड लिजिङ्ग कं. लिमिटेड | ठमेल, काठमाडौं |
| १६. | किष्ट बैंक लिमिटेड | अनामनगर, काठमाडौं | ४४. | नागरिक लगानी कोष | नयाँवानेश्वर, काठमाडौं |
| १७. | एस डेभलपमेण्ट बैंक लिमिटेड | नक्साल, काठमाडौं | ४५. | यूनाइटेड फाइनान्स लिमिटेड | दरवारमार्ग, काठमाडौं |
| १८. | कृषि विकास बैंक लिमिटेड | रामशाहपथ, काठमाडौं | ४६. | विराटलक्ष्मी विकास बैंक लिमिटेड | विराटनगर, मोरङ्ग |
| १९. | काष्ठमण्डप डेभलपमेण्ट बैंक लिमिटेड | पाको न्युरोड, काठमाडौं | ४७. | बागमती डेभलपमेण्ट बैंक लिमिटेड | हरिवन, सर्लाही |
| २०. | भिबोर विकास बैंक लिमिटेड | त्रिपुरेश्वर, काठमाडौं | ४८. | सिटी डेभलपमेण्ट बैंक लिमिटेड | चिप्लेढुङ्गा, पोखरा |
| २१. | क्लिन ईनर्जी डेभलपमेण्ट बैंक लिमिटेड | सितापाइला, काठमाडौं | ४९. | कैलाश विकास बैंक लिमिटेड | चिप्लेढुङ्गा, पोखरा |
| २२. | एन.आई.डि.सि. डेभलपमेण्ट बैंक लिमिटेड | दरवारमार्ग, काठमाडौं | ५०. | फेवा फाइनान्स लिमिटेड | चिप्लेढुङ्गा, पोखरा |
| २३. | इन्टरनेशनल डेभलपमेण्ट बैंक लिमिटेड | टेकू, काठमाडौं | ५१. | कामना विकास बैंक लिमिटेड | लेखनाथ, पोखरा |
| २४ | प्रुडेन्सियल फाईनान्स कम्पनी लिमिटेड | नागपोखरी, काठमाडौं | ५२. | मुक्तिनाथ विकास बैंक लिमिटेड | पृथ्वीचोक, पोखरा |
| २५. | सेन्ट्रल फाइनान्स लिमिटेड | कुपण्डोल, ललितपुर | ५३. | सहयोगी विकास बैंक लिमिटेड | जनकपुर, धनुषा |
| २६. | आई.सी.एफ.सी. फाइनान्स लिमिटेड | भाटभटेनी, काठमाडौं | ५४. | बागेश्वरी डेभलपमेण्ट बैंक लिमिटेड | नेपालगञ्ज, बाँके |
| २७. | प्रभु विकास बैंक लिमिटेड | लैनचोर, काठमाडौं | ५५. | मालिका विकास बैंक लिमिटेड | धनगढी, कैलाली |
| २८. | गुडविल फाइनान्स लिमिटेड(वित्तीय संस्था) | डिल्लीबजार, काठमाडौं | | | |

## *अनुसूची - २*

### आ.व. २०७०/७१ मा वैदेशिक रोजगार बचतपत्रको विक्री एजेण्टको कार्य गर्ने इजाजत प्राप्त बैंक, वित्तीय संस्था तथा मनि ट्रान्सफर कम्पनीहरु

| क. सं. | वैदेशिक रोजगार बचतपत्र बिक्री गर्न इजाजतप्राप्त बिक्री एजेण्टहरुको नाम | नेपालको ठेगाना | नेपालको सम्पर्क टेलिफोन नम्वर | बचतपत्र बिक्रीका लागि इजाजत प्रदान गरिएका मुलुकहरु |
|---|---|---|---|---|
| १. | सनराइज बैंक लि. | गैह्रीधारा, काठमाडौं | ९७७-१-४००४५६० | १.ओमान २. कतार ३. इजरायल ४.संयक्त अरव इमिरेट्स |
| २. | सेञ्चुरी कमर्सियल बैंक लि. | पुतलीसडक, काठमाडौं | ९७७-१-४४१२५७९<br>९७७-१-४४२८३९२<br>९७७-१-४४२८३१७ | १.कतार २.संयुक्त अरव इमिरेट्स ३.कुवेत ४.साउदी अरेविया ५.बहराईन ६.मलेसिया ७.अष्ट्रेलिया ८.इजरायल ९.संयुक्त राज्य अमेरिका १०.बेलायत |
| ३. | प्रभु विकास बैंक लि. | लैनचौर, काठमाडौ | ९७७-१-४४४२३६४,<br>९७७-१-४४२९१२४ | १.संयुक्त राज्य अमेरिका २.मलेसिया ३.कतार |
| ४. | श्री ईन्टरनेशनल मनी एक्सप्रेस (आइ.एम.इ.) प्रा.लि | पानीपोखरी, काठमाडौं | ९७७-१-४४३०६००<br>९८०२०३२४४५ | १.मलेसिया २.संयुक्त अरव इमिरेट्स ३.साउदी अरेविया ४.कतार ५.संयुक्त राज्य अमेरिका ६.बेलायत ७.जापान ८.बहराईन ९.रसिया १०. अष्ट्रेलिया ११.इजराइल १२.कुवेत |
| ५. | श्री प्रभु मनि ट्रान्सफर प्रा.लि. | लैनचौर, काठमाडौ | ९७७-१-४४४२५६१,<br>९७७-१-४४३७८५१ | १.मलेसिया २.कतार ३.बहराईन ४.साउदी अरेविया ५.संयुक्त राज्य अमेरिका |
| ६. | सिटी एक्सप्रेस मनि ट्रान्सफर प्रा.लि. | घण्टाघर, काठमाडौं | ९७७-१-४२३१९०० | १.जापान २.मलेसिया ३.कतार ४.संयुक्त राज्य अमेरिका |
| ७. | सेवा एक्सप्रेस कं.(प्रा.) लि. | कुलेश्वर, काठमाडौं | ९७७-१-४६७२३०९ | १.कतार |

## विषय सूची


राष्ट्र ऋण निष्कासन तथा व्यवस्थापन १
राष्ट्र ऋण निष्कासनका उपकरणहरु १
ट्रेजरी विल १
विकास ऋणपत्र २
राष्ट्रिय/नागरिक/बैदेशिक रोजगार बचतपत्र ३
खुद आन्तरिक ऋण निष्कासन ४
भुक्तानी गर्न बाँकी नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व ५
भुक्तानी गर्न बाँकी कुल आन्तरिक ऋणको स्वामित्व संरचना ६
नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेको सरकारी ऋणपत्र ८
ऋणपत्रको साँवा र ब्याज भुक्तानी स्थिति ८
आन्तरिक ऋण व्यवस्थापनको शुल्क तथा कमिशन ९
ट्रेजरी विलको बट्टादर १०
राष्ट्र ऋण व्यवस्थापन सम्बन्धी पूर्वाधार १०
दर्ता, नामसारी तथा भुक्तानी १०
बजार निर्माता र विक्री एजेण्टको लागि इजाजतपत्र तथा निरीक्षण १२
सरकारी ऋणपत्र सम्बन्धी चेतनामूलक कार्यक्रम १२
सरकारी ऋण कारोबारका लागि Online बोलकबोल १२
तरलता व्यवस्थापन १२
खुला बजार कारोबारको उपकरणको प्रयोग १३
स्थायी तरलता सुविधा १३


## फ्लो चार्ट सूची


फ्लो चार्ट १ १


## मञ्जुषा सूची


मञ्जुषा १ ट्रेजरी विल, विकास ऋणपत्र र राष्ट्रिय/नागरिक/बैदेशिक रोजगार बचतपत्रको निष्कासन विधि २
मञ्जुषा २ ऋणपत्रहरुको सेटलमेण्ट अवधि ५
मञ्जुषा ३ सरकारी ऋणपत्रहरु नेपाल राष्ट्र बैंकको स्वामित्वमा आउने माध्यमहरु ८
मञ्जुषा ४ GL System मा सरकारी ऋणपत्रहरुको दर्ता, नामसारी तथा भुक्तानी प्रकृया ११
मञ्जुषा ५ बजार निर्माता र विक्री एजेण्ट बीच भिन्नता १२
मञ्जुषा ६ खुला बजार कारोबार नियमावली, २०७१ का विशेषताहरु १३
मञ्जुषा ७ खुला बजार कारोबारका उपकरणहरु १३


## तालिका सूची


तालिका १ आ.व.२०७०/०७१ को आन्तरिक ऋण निष्कासनको त्रयमासिक/वार्षिक तालिका १
तालिका २ अवधि अनुसार भुक्तानी हुन बाँकी कुल ट्रेजरी विलको नविकरण निष्कासन २
तालिका ३ भुक्तानी हुन बाँकी विकास ऋणपत्र ३
तालिका ४ भुक्तानी हुन बाँकी राष्ट्रिय बचतपत्र ४
तालिका ५ भुक्तानी हुन बाँकी नागरिक बचतपत्र ४
तालिका ६ भुक्तानी हुन बाँकी बैदेशिक रोजगार बचतपत्र ४
तालिका ७ खुद आन्तरिक ऋण निष्कासन ५
तालिका ८ नेपाल सरकारको कुल आन्तरिक ऋण दायित्व ६
तालिका ९ आन्तरिक ऋणको संस्थागत स्वामित्वको विवरण ७
तालिका १० नेपाल राष्ट्र बैंकको स्वामित्वमा रहेका सरकारी ऋणपत्रको विवरण ८
तालिका ११ साँवा तथा ब्याज भुक्तानी विवरण ९
तालिका १२ आन्तरिक ऋण व्यवस्थापनको शुल्क तथा कमिशन ९
तालिका १३ ट्रेजरी विलको बट्टादर १०
तालिका १४ तरलता प्रवाहको लागि खुला बजार उपकरणको कारोबार विवरण १३

अनुसूची १ आ.व.२०७०/७१ मा सरकारी ऋणपत्रहरुको बजार निर्माताको कार्य गर्ने इजाजत प्राप्त बैंक तथा वित्तीय संस्थाहरु १४
अनुसूची २. आ.व.२०७०/७१ मा बैदेशिक रोजगार बचतपत्रको विक्री एजेण्टको कार्य गर्ने इजाजत प्राप्त बैंक, वित्तीय संस्था तथा मनी ट्रान्सफर कम्पनीहरु १५